# राजस्व न्यायाधिकरण काठमाडौ

## <u>इजलास</u>

## माननीय अध्यक्ष श्री किशोर सिलवाल

## राजस्व सदस्य श्री जीवनकुमार घिमिरे

## लेखा सदस्य श्री डम्बर बहादुर कार्की

## <u>फैसला</u>

**सम्वत् २०७४ सालको मुद्दा नं. ०७४-RB- ००७२**

**निर्णय नं. १००**

**मुद्दाः- सुन जस्तो पहेलो पदार्थ भन्सार चोरी पैठारी ।**

| | |
|---|---|
| विर बहादुर श्रेष्ठको नाति शेर बहादुर श्रेष्ठको छोरा जिल्ला सिन्धुपाल्चोक साविक बाह्रविसे-५ को हाल परिवर्तित बाह्रविसे न.पा. वडा नं. ४ बसाई सराई भई जि.रसुवा उत्तरगया गाउँपालिका वडा नं. ४ घर भई हाल जिल्ला कारागार कार्यालय रसुवामा थुनामा रहेको वर्ष ३०को कृष्ण बहादुर श्रेष्ठ.................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| नेपाल सरकार.......................................................................................१ | प्रत्यर्थी |

शुरु निर्णय गर्ने पदाधिकारीः- प्रमुख भन्सार अधिकृत केदार प्रसाद पनेरु।
शुरु निर्णय मितिः- २०७४/०४/२५
शुरु निर्णय गर्ने कार्यालयः- श्री रसुवा भन्सार कार्यालय टिमुरे, रसुवा ।

यसमा रसुवा भन्सार कार्यालय टिमुरे, रसुवाका प्रमुख भन्सार अधिकृत केदार प्रसाद पनेरुले मिति २०७४।०४।२५ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम प्रतिवादीको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

## मुद्दाको तथ्य

१. मिति २०७४/०३/०६ गते जिल्ला प्रहरी कार्यालय रसुवामा बा.७६ प.७८१० नम्बरको मोटर साइकलमा चिनको केरुङ्गबाट काठमाण्डौ तर्फ सुन लैजादै छ भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रसुवाबाट खटिएको अनुसन्धानको टोलीले १२:४५ बजेको समयमा उल्लेखित नम्बरको मोटरसाइकल काठमाण्डौ तर्फ जान लागेको अवस्थामा जिल्ला रसुवा साविक धुन्चे -५ हाल गोसाइकुण्ड गाउँपालिका वडा नं. ६ स्थित पासाङ ल्हामु राजमार्ग सडक खण्डबाट मोटरसाइकल चालक र मो.सा. सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय रसुवाको मेनगेट अगाडि मोटरसाइकल खोल्ने मिस्त्री ल्याई मो.सा. चेकजाँच गर्दा मोटरसाईकलको तेलट्यांकीमा फल्स बटन बनाई हरियो, पहेलो, सेतो, रातो कलरको टावल, रातो रङ्गको स्क्याप सेतो, रातो, कालो रङ्गको मखलरमा पोको पारी फल्स बटम भित्र पहेलो सुन (**YUEPENG GOLD 1 KILO FINE GOLD 999.9 Y189788** थान-१, **YUEPENG GOLD 1 KILO FINE GOLD 999.9 Y185266**) जस्तो देखिने २ थान विस्कुट फेला पारेको भन्ने समेत व्यहोराको मिति २०७४/०३/०६ को वरामदी मुचुल्का ।

२. बा. ७६ प ७८१० नम्बरको मोटरसाइकलको ट्यांकीभित्र फल्स बटम बनाई कपडाले बेरेर राखेको २ थान सुनको विष्कुट प्र. कृष्ण बहादुर श्रेष्ठले चलाई ल्याएको बाइकको टयांकीभित्रबाट फेला परेको ठिक साचो हो भन्ने मोटरसाइकल मिष्त्री रामकृष्ण खड्गी, ज्योतिकृष्ण लामिछाने र जयमान बुलुनले गरिदिएको घटना विवरण कागज परीक्षणको लागि पठाइएको सुन जस्तो पहेलो विस्कुट थान २ परीक्षण गर्दा सुन भएको पाइयो । २ थानको मूल्य रु.९३,०२,४००/- भएको भन्ने समेत व्यहोराको धुन्चे सुन चाँदी पसलका टेकबहादुर लामिछानेले मिति २०७४/०३/०६ मा खुलाई पठाएको प्रतिवेदन ।

३. संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत कारवाही गरी पाउन वरामदी मुचुल्कामा उल्लेख गरिएका वरामदी दशी सहित कृष्णबहादुर श्रेष्ठ र दिनेश रोक्कालाई यसै प्रतिवेदन साथ पेश गरेका छौ भन्ने समेत व्यहोराको प्र.ना.उ. फणिन्द्र प्रसाई समेतको जिल्ला प्रहरी कार्यालय रसुवामा पेश गरेको मिति २०७४/०३/०७ को प्रतिवेदन ।

४. चिनको केरुङबाट तिब्बतीयन नागरिक छिरिङ दाई भन्ने सम्पर्क नं.१३८३०१२७१७१ भएको व्यक्तिसँग काठमाण्डौ बौध्द बस्ने गेला भन्ने ९८२४११०४०१ सम्पर्क भएको व्यक्तिलाई दिनको लागि ल्याएको हो । उक्त सुन गेलाको हो । सुन पास गराए वापत गेलाले १ किलो सुन बराबर ३५,०००/- को दरले दिन्छ । उक्त सुन मित दाई दिनेश रोक्काको घरमा लगि बाइक राखी भोलिपल्ट म आफैले बौध्द चोकमा लगी जिम्मा दिने हो । बा.७६ प. ७८१० नं.को मोटरसाइकल म भक्तपुर गइ १ वर्ष अगाडि किनेको हो। ट्याङकीको फल्स बटम गेलाले बनाईदिएको हो । फल्स बटन बनाउने कुरा मलाई थाहा थियो भन्ने समेत व्यहोराको प्रतिवादी कृष्णबहादुर श्रेष्ठले जिल्ला न्यायाधिवक्ता समक्ष गरेको वयान ।

५. कृष्णबहादुर श्रेष्ठ मेरो घरमा डेरा गरी बस्छ । यो कुरा सही हो तर उसले गरेको अबैध धन्दाको विषयमा मलाई निजबाट कुनै जानकारी पनि छैन । निजले यस्तो कार्य गर्छ भन्ने

समेत मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश रोक्काले जिल्ला न्यायाधिवक्ता समक्ष गरेको वयान ।

६. हाल बजार दररेट अनुसार २२० पलसर मोटरसाइकलको मूल्य २,८५,०००/- रहेको जानकारी गराउदछौ भन्ने समेत व्यहोराको रसुवा उद्योग वाणिज्य संघको मिति २०७४/०३/१८को पत्र ।

७. यसमा जिल्ला प्रहरी कार्यालय रसुवा धुन्चेको प्रतिवेदन अनुसार प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कृष्ण बहादुर श्रेष्ठ समेत भएको संगठित अपराध र सुन चोरी पैठारी मुद्दामा तहाँ कार्यालयको च. नं. २३३५ मिति २०७४/०३/२३ को पत्रबाट निर्देशन माग गरेकोमा चोरी पैठारी गरिएको सुनको मुल्य (बिगो) रु ९३,०२,४००।- मात्र भएको देखिँदा भन्सार ऐन, २०६४ को दफा ५७(१) (घ) बमोजिमको पचास लाख रुपैया भन्दा बढी एक करोड रुपैया सम्मको बिगोमा छ महिना देखि एक बर्ष सम्म कैद हुने र संगठिग अपराध निवारण ऐन, २०७० को दफा ३(३)(क) मा ३ बर्ष भन्दा बढी कैद सजाय हुने कसुर मात्र संगठित अपराध भित्र पर्ने कानूनी व्यवस्था देखिँदा प्रस्तुत वारदातको मुद्दा संगठित अपराध निवारण ऐन, २०७० भित्र पर्ने नदेखिँदा भन्सार ऐन, २०६४ बमोजिम कारवाही गर्नका लागि भन्सार कार्यालय टिमुरेमा निर्णय गर्न मिसिल पठाई यस कार्यालयमा जानकारी दिन हुन भन्ने जिल्ला सरकारी वकील कार्यालय रसुवाको जिल्ला प्रहरी कार्यालय धुन्चे रसुवालाई लेखेको च.नं.३२० मिति २०७४/०३/२३ गतेको पत्र ।

८. उपरोक्त बमोजिम जिल्ला सरकारी वकील कार्यालय रसुवाबाट लेखि आएको हुँदा सक्कल मिसिल बरामदी दसी सहित पक्राउ मानिस कृष्णबहादुर श्रेष्ठ र दिनेश रोक्कालाई यसै पत्र साथ आवश्यक कारवाहीको लागि पठाईएको भनी जिल्ला प्रहरी कार्यालय रसुवाबाट रसुवागढी भन्सार कार्यालय, रसुवागढी रसुवालाई लेखेको प.सं. ०७३/७४ च.नं. २३२७ मिति २०७४/०३/२५ को पत्र ।

९. प्रहरीद्वारा मलाई लगाइएको अभियोग झुठो हो । यो सुन चोरी पैठारी गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन । म निर्दोष छु । म एउटा साधरण व्यवसाय गरी मेरो आफ्नो परिवार पालेर बस्ने साधारण व्यक्ति हुँ भन्ने समेत व्यहोराको प्रतिववादी दिनेश रोक्काले प्रमुख भन्सार अधिकृत श्री केदार प्रसाद पनेरुको इजलासमा गरेको वयान ।

१०. केरुङबाट छिरिङ भन्ने व्यक्तिले लोड गरी काठमाण्डौमा गेला भन्ने मान्छेलाई बाइक नै दिनु भनी दिएको र मैले भरिया भएर ल्याएको हुँ। फल्स बटन गेलाले नै बनाई दिएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी कृष्णबहादुर श्रेष्ठले प्रमुख भन्सार अधिकृत श्री केदार प्रसाद पनेरुको इजलासमा गरेको वयान ।

११. प्रतिवादी कृष्ण बहादुर श्रेष्ठले मालबस्तुको धनी खुलाउन नसकेकोले प्राप्त प्रमाणको आधारमा उक्त सुन धनी निज कृष्णबहादुर श्रेष्ठ नै देखिन आएको हुँदा उक्त माल बस्तु किनेको प्रमाण समेत यस कार्यालयमा पेश गर्न नसकेकोले पछि ठहरे बमोजिम हुने गरी सुनको मुल्य रु.९३,०२,४००।- र मोटरसाईकलको मुल्य रु.२,८५,०००।— दुबै जम्मा रु.९५,८७,४००/- लाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम विगो कायम गरी

बिगो बराबर जरिवाना र सोही ऐनको दफा ५७ (१) (ग) बमोजिम कैद बापतको भन्सार ऐन, २०६४ को दफा ४१(५) बमोजिम हुने रु.१८,२५०।— समेत जम्मा रु. ९६,०५,६५०/- धरौटी माग गर्ने । त्यसैगरी अर्का प्रतिवादी दिनेश रोक्काको सम्बन्धमा पनि पछि ठहरे बमोजिम हुने गरी सुनको मुल्य रु.९३,०२,४००।- र मोटरसाईकलको मुल्य रु.२,८५,०००।— दुबै जम्मा रु.९५,८७,४००/- लाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम बिगो कायम गरी बिगो बराबर जरिवाना र सोही ऐनको दफा ५७ (१) (ग) बमोजिम कैद बापतको भन्सार ऐन, २०६४ को दफा ४१(५) बमोजिम हुने रु.१८,२५०।— समेत जम्मा रु. ९६,०५,६५०/- धरौटी माग गर्ने भन्ने समेत व्यहोराको अनुसन्धान अधिकृत धर्मराज सुवेदीको मिति २०७४/०३/३० को अनुसन्धान प्रतिवेदन ।

१२. प्रतिवादी कृष्ण बहादुर श्रेष्ठ र दिनेश रोक्काबाट जनही जम्मा रु.९६,०५,६५०/- धरौट दाखिला गरेमा साधारण तारेखमा राख्ने भन्ने समेत व्यहोराको मिति २०७४/०३/३० को थुनछेक आदेश। दुवै प्रतिवादीहरुले धरौटी रकम दाखिला गर्न नसकी निजहरु थुनामा नै रहेको देखिन्छ ।

१३. यस अभियोगमा कृष्णबहादुर श्रेष्ठ सुन सहित पक्राउ भएको साँचो हो भन्ने समेत व्यहोराको प्रतिवेदकहरु ज्योती कुमारी तमाङ्ग, दोलखमान श्रेष्ठ, दिपककुमार सापकोटा र चोप बहादुर के.सी. ले गरिदिएको बकपत्र ।

१४. कृष्ण बहादुर श्रेष्ठको हकमा केरुङ्गबाट छिरिङ भन्ने व्यक्तिले लोड गरी काठमाण्डौमा गेला भन्ने व्यक्तिलाई बाईक नै दिनु भनी दिएको र मैले भरिया भई ल्याएको हुं। बा ७६ प ७८१० नम्बरको मोटरसाईकल मेरो नाममा छ।गेला भन्ने व्यक्तिले डेढ महिना अगाडी बाईक लगेर फल्स बटम बनाई ल्याईदिएको हो। एक गोटा ओसारेको रु. ३५,०००।- (अक्षररुपी पैतिस हजार मात्र) दिन्छु भनेको थियो। पहिलो पटकमा नै समातियो। म भरिया मात्र हो भनी सावित बयान दिएको, बयानमा सबै कुरा स्वीकार गरेको, बरामदी बस्तु पक्राउ हुँदा बरामदी मुचुल्कामा सहिछाप गरेको हुँदा निजले भन्सार चोरी पैठारी गरेका थिएनन् भनी बिश्वस्त हुन सक्ने अवस्था देखिएन। भन्सार ऐन, २०६४(सं.स) को दफा ५७(१)(ग) बमोजिम निजलाई के कति सजाय गर्ने भन्ने सम्बन्धमा मिति २०७४/०३/०६ देखि जिल्ला प्रहरी कार्यालय धुन्चे, रसुवामा मिति २०७४/०३/२५ गतेसम्म हिरासतमा रहेको र मिति २०७४/०३/२६ देखी २०७४/०३/३० सम्म यस कार्यालयबाट अनुसन्धानको लागि प्रहरी न्यायीक हिरासतमा राखि यस कार्यालयको २०७४/०३/३० को आदेशबाट मुद्धाको पुर्पक्षको लागि थुनामा रहेको अवस्था समेतलाई बिचार गरी भन्सार ऐन, २०६४ (सं.स) को दफा ५७ (१)(ग) बमोजिम दसी प्रमाणको रुपमा पेश भएको मालवस्तु जफत गरी बिगो बमोजिमको जरिवाना रु.९५,८७,४००।-(अक्षररुपी रु. पञ्चानब्बे लाख सतासी हजार चार सय मात्र) जरिवाना तीन महिनासम्म कैद सजाय हुने ठहर्छ। अर्का प्रतिवादी दिनेश रोक्काको सम्बन्धमा निज दिनेश रोक्का दोषी नै हुन् भन्ने किटानी प्रमाण फेला पार्न सकिएन। जिल्ला प्रहरी कार्यालय रसुवाले गरेको अनुसन्धान र यस कार्यालयबाट भएको अनुसन्धान समेत बाट बिश्लेषण गर्दा निज दोषी रहेको प्रमाण फेला नपरेकोले निज दिनेश रोक्काको सम्बन्धमा निर्णय तर्फ बिचार गर्दा निजलाई

लागेको सुन भन्सार चोरी पैठारी अभियोगबाट सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको रसुवा भन्सार कार्यालय टिमुरे रसुवाको मिति २०७४/०४/२५ को निर्णय ।

१५. म काम गर्ने श्रमिकलाई पैसा पाउने प्रलोभन दिई मेरो आफ्नै मोटरसाइकल नयाँ किनी दिन्छु भनी मोटरसाइकल लिई गई यस प्रकारको गैरकानूनी सामान छ भनी जानकारीसम्म नदिई मोटरसाइकल बौध्दमा लगी गेला भन्ने व्यक्तिलाई दिनु भनी भरियाको रुपमा मात्र प्रयोग भएको/गराइएको व्यक्तिलाई कसूरदार ठहर गरी मिति २०७४/४/२५ मा मलाई तिन महिना कैद र जरिवाना रु.९५,८७,४००/- गर्ने र मेरो बा.६प.७८१० नं.को मोटरसाइकल जफत गर्ने गरी रसुवा भन्सार कार्यालयबाट भएको फैसला उल्टी गरी म पुनरावेदकलाई सफाइ पाउने गरी र मोटरसाइकल समेत फिर्ता गर्ने गरी फैसला गरी न्याय पाउँ भन्ने समेत व्यहोराको मिति २०७४/०६/२६ को प्रतिवादी कृष्णबहादुर श्रेष्ठको पुनरावेदनपत्र ।

## ठहर खण्ड

१६. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्तात्रय श्री भोज बहादुर ढकाल, श्री प्रभाकर श्रेष्ठ एवं श्री राजन अधिकारीले प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष उक्त सुन गेलाको हो भनी उल्लेख गरेतापनि निज गेलालाई अनुसन्धान नगरी हाम्रो पक्ष भरिया मात्र भएकोलाई प्रमाणको मुल्यांकन विना दोषी ठहर गरीएको छ। भरिया हुँदा भन्सार ऐन,२०६४ को दफा ५७(२) प्रयोग हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१७. प्रत्यार्थी तर्फबाट उपस्थित रहनु भएका विशेष सरकारी वकील कार्यालय काठमाण्डौका विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले प्रतिवादीले शुरु निकायमा गरेको बयानको स.ज.५ मा आफूले चलाएर ल्याएको बाइकमा सुन भएको कुरा आफूलाई जानकारी थियो बाइक आफ्नै भएको र फल्स बटन गेलाले बनाइदिएको भनी साविति बयान गर्नुभएको छ। निजले गेला भन्ने ब्यक्तिलाई उपस्थित गराउन सकेको अवस्था छैन। तसर्थ, शुरु फैसला मिलेकै देखिँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१८. उपरोक्त बमोजिम विद्वान कानून व्यवसायीहरुको बहस जिकिर सुनी मिसिल प्रमाण अध्ययन गरी हेर्दा यसमा शुरु रसुवा भन्सार कार्यालयको फैसला मिलेको छ छैन? पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१९. निर्णय तर्फ विचार गर्दा, म काम गर्ने श्रमिकलाई पैसा पाउने प्रलोभन दिई मेरो आफ्नै मोटरसाइकल नयाँ किनी दिन्छु भनी मोटरसाइकल लिई गई यस प्रकारको गैरकानूनी सामान छ भनी जानकारीसम्म नदिई मोटरसाइकल बौध्दमा लगी गेला भन्ने व्यक्तिलाई दिनु भनी भरियाको रुपमा मात्र प्रयोग भएको/गराइएको व्यक्तिलाई कसूरदार ठहर गरी भएको फैसला उल्टी गरी पाउँ भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको छ। मिसिल संलग्न मिति २०७४/०३/०६ को बरामदी मुचुल्काबाट विवादीत सुन यी पुनरावेदक प्रतिवादी सवार रहेको बा.७६प.७८१० को मोटरसाइकलको फल्स बटम भित्र फेला परेकोमा विवाद देखिदैन । सो

वरामदीको आधारमा प्र.ना.उ. फणिन्द्र प्रसाई समेतको संगठित अपराध समेतमा यी पुनरावेदकसमेत लाई कारवाहीका लागि प्रतिवेदन परेको देखिन्छ ।

२०. प्रस्तुत वारदातको मुद्दा संगठित अपराध निवारण ऐन, २०७० भित्र पर्ने नदेखिँदा भन्सार ऐन, २०६४ बमोजिम कारवाही गर्नका लागि भन्सार कार्यालय टिमुरेमा निर्णय गर्न मिसिल पठाउने गरी जिल्ला सरकारी वकील कार्यालय रसुवाबाट भएको निर्देशन पश्चात जिल्ला प्रहरी कार्यालय रसुवाको मिति २०६३/०३/२५ को पत्रबाट भन्सार कार्यालयमा पठाइएको देखिन्छ।

२१. यी पुनरावेदकले प्रमुख भन्सार अधिकृत समक्ष वयान गर्दा बाइकमा सुन भएको कुराको जानकारी थियो । बाइक मैले नै १ वर्ष अगाडि किनेको हुँ। फल्स बटन गेलाले नै बनाई दिएको थियो । बाइक(मोटरसाइकल) मेरो नाममा छ भन्ने समेतको व्यहोरा उल्लेख गरिदिएको पाइन्छ। निज पुनरावेदक उपर बरामदी सुन र मोटरसाइकल समेतको विगो रु.९५,८७,४००।- भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम विगो कायम गरी विगो बमोजिम जरीवाना र ऐ. ऐनको दफा ५७(१)(ग) बमोजिम कैद हुने गरी अनुसन्धान अधिकृतको अनुसन्धान प्रतिवेदन भएको पाइन्छ । प्रतिवेदकहरु चोप बहादुर के.सी दिपक कुमार सापकोटा, दोलखमान श्रेष्ठ, ज्योति कुमारी तमाङ्ग समेतले विवादीत सुन सहित पक्राउ परेको साँचो हो भनी बकपत्र गरिदिएको अवस्था छ ।

२२. यसरी उपरोक्त उल्लेखित तथ्यबाट यि पुनरावेदक प्रतिवादीले आफू सवार मोटरसाइकलमा फल्स बटम बनाई विवादीत सुन लिई जादै गर्दा निजको साथबाट उक्त सुन बरामद भएकोमा विवाद देखिदैन। जहाँसम्म पुनरावेदक पक्षका कानून ब्यवसायीहरुले बहसको क्रममा पुनरवेदक एक भरिया मात्र हुन् । अरुको सुन पुऱ्याइ दिन हिड्दा बरामद भएको हुँदा भन्सार ऐन, २०६४ को दफा ५७(२) बमोजिमको कसूर कायम हुनुपर्ने भन्ने जिकिर लिएतापनि पुनरावेदनपत्रमा उक्त जिकिर लिएको पाइदैन । यसरी विवादीत सुन निजबाट बरामद भएकोमा विवाद नरहेको, पुनरावेदकले उक्त सुन गेला भन्ने ब्यक्तिको रहेको भनी बयानमा उल्लेख गरिदिएता पनि सो ब्यक्तिको पूर्ण ठेगाना खुलाई निजलाई उपस्थित गराउन सकेको पाइदैन तथा प्रमाण ऐन, २०३१ बमोजिम आफूले बयानमा लिएको जिकिर पुष्टि गर्ने भार पनि निजमा रहनेमा सो बरामदी सुन आफ्नो नभएको भन्ने जिकीरलाई ठोष प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइदैन । बरामदी सुन भन्सार लाग्ने मालवस्तु भएको र पुनरावेदकले उक्त मालवस्तु भन्सार महसुल लाग्ने हुँदा सो तिरी लैजान लागेको भनी प्रमाण पेश गर्न सकेको अवस्था नहुँदा उक्त मालबस्तु चोरी पैठारी गरेको देखिंदा सो गरेकोमा वरामदी मालवस्तु जफत गरी विगो बमोजिम जरिवाना र न्यूनतम कैद तीन महिना गर्ने गरी भएको शुरु निर्णय मिलेकै देखिन आयो ।

२३. तसर्थ, माथि विवेचित आधार एवं कारण समेतबाट प्रतिवादी कृष्णबहादुर श्रेष्ठबाट भन्सार ऐन, २०६४ को दफा ५७(१)(ग) बमोजिम बरामद मालवस्तु जफत गरी निजलाई विगो बमोजिम रु. ९५,८७,४००/- जरिवाना एवं तीन महिना कैद गर्ने ठहऱ्याई शुरु रसुवा भन्सार कार्यालय

टिमुरेबाट मिति २०७४/०४/२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी कृष्णबहादुर श्रेष्ठको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू ।

<u>तपसील</u>

प्रस्तुत फैसलाको जानकारी थुनामा रहेको सम्बन्धित कारागार कार्यालय मार्फत प्रतिवादीलाई एवं विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई दिनु ....................१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु .....................................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु ........................................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः —श्री रबि न्यौपाने (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल चैत्र महिना १२ गते रोज ३ शुभम् ..........................